# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, फागुन २ गते २०३४ साल**

### निर्वाचन आयोगको
### सूचना

निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा ५ क को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले जनकपुर, महाकाली र कर्णाली अञ्चलका देहायका तहका पञ्चायतहरूको निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायको हदसम्म खर्च गर्न पाउने गरी तोकेको छ ।

गाउँ तथा नगर तह : गाउँ तथा नगर तहको देहायको प्रत्येक पदको निर्वाचनमा बढीमा रू. १,०००।– एक हजारसम्म ।

(क) गाउँ तथा नगर सभाको सदस्य पदमा

( ) गाउँ तथा नगर पञ्चायतको सदस्य पदमा

(ग) गाउँ तथा नगर पञ्चायतको प्रधान पञ्च, उप-प्रधान पञ्च पदमा

२. जिल्ला तह : जिल्ला तहको प्रत्येक पदको निर्वाचनमा बढीमा रू. ५,०००।– पाँच हजारसम्म ।

(क) नगर पञ्चायतबाट निर्वाचन हुने जिल्ला सभा सदस्य पदमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जिल्ला पञ्चायतको सदस्य पदमा

(ग) जिल्ला पञ्चायतको सभापति, उप–सभापति पदमा

३. राष्ट्रिय पञ्चायतको सदस्य पदको निर्वाचनमा बढीमा रू. १०,०००।– दश हजारसम्म।

निर्वाचित उम्मेदवारले आफूले निर्वाचनमा गरेको खर्चको विवरण सो निर्वाचनको नतीजा घोषणा भएको मितिले १५ दिनभित्र निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

आज्ञाले–
तेजबहादुर प्रसाई
का.मु.सचिव
निर्वाचन आयोग

## निर्वाचन आयोगको
## सूचना

स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन,२०२५ को दफा ३० को उप–दफा(१) ले दिएको अधिकार प्रयोग गरी यस आयोगले सोही ऐनको दफा ५ (१) १०,१३ र २७ (१) को प्रयोजनको लागि गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत तथा नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्यको निर्वाचन सम्बन्धमा देहाएको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

१. (क) गाउँ सभा, गाउँ पञ्चायतको मतदाताको नामावली निर्वाचन कार्यक्रमको साथसाथै गाउँ पञ्चायत कार्यालयमा सबैले देख्ने गरी प्रकाशित गरिनेछ । नगर सभाको हकमा मतदाता नामावली निर्वाचन कार्यक्रमको साथमा नगर वडा समितिको कार्यालयमा प्रकाशित गरिनेछ।

(ख) नगर पञ्चायतको सदस्य प्रधान पञ्च र उप–प्रधान पञ्च तथा नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्यको निर्वाचनको मतदाता नामावली सम्बन्धित नगर पञ्चायत कार्यालयमा प्रकाशित गरिनेछ । निर्वाचन कार्य समाप्त नभएसम्मको प्रकाशित सूचनाहरू कसैले कुनै किसिमसंग नोक्सान गर्न र भ्रम हुने गर्न हुँदैन । यथावत रहिरहन दिनु पर्दछ।

२. गाउँ सभा, गाउँ पञ्चायत र नगर सभा, नगर पञ्चायतको र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्य निर्वाचनमा उम्मेदवारको दरखास्तको जाँचबुझ भई सकी उमेदवारको नाम फिर्ता लिने र विरोध गर्ने म्याद समाप्त भएपछि कायम हुन आएका उम्मेदवारको सूची निम्नबमोजिको ढाँचामा प्रकाशित गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उम्मेदवारको नाम प्रकाशन

जिल्ला ... ... .. ... .. .. ..गाउँ / नगर सभा पञ्चायत र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्यको रिक्त भएको निम्नलिखित पदहरूमा निम्नलिखित व्यक्तिहरू उम्मेदवार कायम भएकोले सूचना प्रकाशित गरिएको छ।

| स.नं. | उम्मेदवारको नाम थर (वर्णानुक्रमले र वडाक्रमले) | ठेगाना वडा नं. | उमेर | मर्दाना जनाना | चिन्ह | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

स्थानः– ... ... ... ... ... ... ...

मितिः– (मतदाता अधिकृतको सही)

द्रष्टव्यः– नगर पञ्चायतको प्र. पं., उप-प्र. पं. र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्य पदको निर्वाचनमा चिन्ह रोजाउनु पर्ने छैन।

३. (१) गाउँ तथा नगर सभा र पञ्चायतको सदस्यको र गाउँ पञ्चायतको प्रधान पञ्च तथा उप–प्रधान पञ्चको पदको लागि मतपत्रको ढाँचा निम्नबमोजिमको हुनेछ। उम्मेदवारको संख्या बढी भई मतपत्रको चिन्ह अपर्याप्त भएमा अर्को मतपत्र टाँसी तारा लगाई दिनुपर्छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मत पत्र

(गा.स.स./न.स.स./– गा.पं.स./न.पं.स.) पदको

| उम्मेदवारको चिह्न | मत संकेत कोठा | उम्मेदवारको चिह्न | मत संकेत कोठा। |
|---|---|---|---|
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |
|  | |  | |

मतदान अधिकृतको सही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफूले रोजेको उम्मेदवारको चिन्हको दायाँपट्टिको [ ] कोठामा ( . ) यस्तो प्रकारको थोप्लो चिन्ह दिनुपर्छ।

जस्तैः– [ . ] यसरी थोप्लो चिन्ह लगाउँदा जुन सुकै कुनाभित्र लगाएको थोप्ला कोठाको रेखा छोए पनि सदर हुन्छ। जस्तै [ . ]

द्रष्टव्यः– उम्मेदवारले छानेको चिन्ह सबै मतदाताले देख्ने गरी निर्वाचन केन्द्रमा टाँसी दिनुपर्छ।

(२) नगर पञ्चायतको प्रधान तथा उप–प्रधान पञ्च पदको लागि हुने निर्वाचनमा रेजा चिन्हको प्रयोग हुने तलको नमूनाको मतपत्र प्रयोग हुनेछ। मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि निर्वाचन अधिकृतले आवश्यक संख्यामा कोठा कायम राखी कोठाको संख्या थपघट गर्न सक्नेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८५

## मतपत्र

नगर पञ्चायतको प्र. पं. / उप–प्र. पं. र न. पं. बाट हुने जि. स.
पद पूर्तिको निर्वाचन

जिल्ला ... ... ... को ... ... ... नगर पञ्चायतबाट

| मत सङ्केत गर्ने कोठा | उम्मेदवारको नाम वर्णानुक्रमले |
|---|---|
| ☐ | श्री ... ... ... ... ... |
| ☐ | श्री ... ... ... ... ... |
| ☐ | श्री ... ... ... ... ... |
| ☐ | श्री ... ... ... ... ... |
| ☐ | श्री ... ... ... ... ... |
| ☐ | श्री ... ... ... ... ... |

... ... ... ...
(मतदान अधिकृतको सही)

४. गाउँ सभा, नगर सभा, गाउँ एवं नगर पञ्चायत सदस्य, प्रधान पञ्च, उप–प्रधान पञ्च र नगर पञ्चायतबाट हुने जिल्ला सभा सदस्य पदको निर्वाचनमा उम्मेदवारपिच्छे छुट्टा छुट्टै मत पेटिका नराखी एउटै मत पेटिका राखिनेछ।

आज्ञाले–
तेजबहादुर प्रसाई
का.मु. सचिव
निर्वाचन आयोग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २ गते २०३४ साल


### निर्वाचन आयोगको

### सूचना

जनकपुर, महाकाली र कर्णाली अञ्चलमा हुने विभिन्न तहका पञ्चायतहरूको निर्वाचनमा उम्मेदवारहरूले आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गराउँदा देहायबमोजिमको उम्मेदवारी शुल्क नगदमा बुझाउनु पर्ने गरी निर्वाचन आयोगले निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उम्मेदवारी शुल्क

| | |
|---|---|
| गाउँ सभा र नगर सभा सदस्य पदको उम्मेदवारी शुल्क रू. | १०।– |
| गाउँ पञ्चायत सदस्य र नगर पञ्चायत सदस्य पदको शुल्क रू. | १०।– |
| गाउँ तथा नगर पञ्चायतको प्रधान पञ्च, उप–प्रधान पञ्च पदको शुल्क रू. | १५।– |
| नगर पञ्चायतबाट जिल्ला सभा सदस्य पदको शुल्क रू. | १५।– |
| जिल्ला पञ्चायत सदस्य पदको उम्मेदवारी शुल्क रू. | २०।– |
| जिल्ला पञ्चायत सभापति, उप–सभापति पदको शुल्क रू. | २५।– |
| राष्ट्रिय पञ्चायत सदस्य पदको उम्मेदवारी शुल्क रू. | ५०।– |

उम्मेदवारले आफूले बुझाइसकेको उम्मेदवारी शुल्क नाम फिर्ता लिएमा पनि फिर्ता पाउने छैन।

आज्ञाले–
तेजबहादुर प्रसाई
का. मु. सचिव
निर्वाचन आयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८९६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।